# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**जफे, दोलखा, बागमती प्रदेश, नेपाल**

## औषधि तथा सर्जिकल सामग्री खरिदका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मिति: २०८०।०९।०८**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधी तथा सर्जिकल्स सामग्रीहरू खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालू आ.व २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत रीतपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१) बोलपत्र सम्वन्धी अन्य शर्तहरू र विस्तृत सुचना www.tamakoshimun.gov.np मा हेर्न सकिने छ ।

२) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि.नं. | ठे.नं. | कार्य विवरण | बोलपत्र दस्तुर | जमानत रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | 15/TRM/NCB/Goods/ Medicine/2080-081 | Buying and Supplying of Medicine and Surgical Materials | 3000/- | 1,70,000/- | मु.अ.कर बाहेक |

शर्तहरू:-

१) बोलपत्र खरिद गर्न आ.व २०७९।०८० सम्म नवीकरण भएको इजाजत पत्र , कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर प्रमाण पत्र को प्रमाणित प्रतिलिपि पेश गरि यस लक्ष्मी बैक लि. जफे शाखामा आन्तरिक राजश्व खाता नं. १२७०३०००१४२ मा रु. ३००० दाखिला गरी सो भौचर वा २०८० माघ ०९ गते १२ बजेसम्म रु. ३००० (तीन हजार मात्र) दस्तुर सम्बन्धित कार्यालयमा नगद (पछि फिर्ता नहुने गरी) बुझाइ अनलाइन खरिद गर्न सकिने छ ।

२) बोलपत्र साथ जमानत बापतको तल उल्लेखित रकम यस कार्यालयको लक्ष्मी बैक लि. जफे शाखामा धरौटी खाता नं. १२७०३००००२३ मा दाखिला गरी सोको भौचर वा यस कार्यलयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको क वर्गको मान्यता प्राप्त बैकबाट जारी भएको तल उल्लेखित रकमको जमानी पत्र अनिवार्य संलग्न गर्नु पर्नेछ ।

३) बोलपत्र पेश गर्दा पेश गर्ने फर्मको व्यावसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नं. मु.अ.करको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

४) बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुन कारबाही हुने छैन ।

५) पेश हुन आएका बोलपत्र, बोलपत्र पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर निजको अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

६) यस सूचना तथा बोलपत्रसाथ संलग्न शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

७) ठेक्कामा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

८) अन्य कुराहरू यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.tamakoshimun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत